# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : ३ संख्याः २ प्रकाशित मितिः २०७६/०३/२३

## भाग-१

## रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६

**रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मिति : २०७६/०३/१८

**प्रस्तावनाः** रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रोङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "रोङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त गाउँपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ३५,६९,१८,०००।- (अक्षेरुपी पैंतीस करोड उनान्सत्तरी लाख अठारहजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त रोङ गाउँपालिका, गाउँ कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडासमिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूची १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

## संञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ८४९३४.९५ | १५४८८३.०५ | - | २३९८१८ |
| २ | | वडासमिति | - | - | - | - |
| ३ | | विषयगत शाखा | १०२७०६ | १४३९४ | - | ११७१०० |
| ४ | | ऋणको सावाँब्याज भुक्तानी | - | - | - | - |
| ५ | | लगानी (शेयर ऋण) | - | - | - | - |
| | | **जम्मा** | **१८७६४०.९५** | **१६९२७७.०५** | | **३५६९१८** |

आज्ञाले

डिक प्रसाद दाहाल

रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत